# लोक सेवा आयोग

अप्राविधिक तर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार या सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/०८/२४

समयः– २ घण्टा ३० मिनेट | पूर्णाङ्क :– १००

पत्र :- तृतीय

विषय :- कार्य ज्ञान सम्बन्धी ।

*प्रत्येक खण्डका प्रश्नहरूको उत्तर बेग्ला बेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## खण्ड - (A) 35 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

1. सार्वजनिक बडापत्र (Public Charter) भनेको के हो? यसको महत्वबारे प्रकाश पार्नुहोस् । [2+3=5]
2. "खाद्य सम्प्रभुता" (Food Sovereignty) का सम्बन्धमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ ले गरेको परिभाषा लेख्नुहोस् । [5]
3. राष्ट्रिय परिचय-पत्र (National Identity Card) भन्नाले के बुझिन्छ? यो जारी गर्नुपर्नाको कारण स्पष्ट गर्नुहोस् । [5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

4. सार्वजनिक सेवा प्रवाह भनेको के हो? सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायक र सेवाग्राहीको भूमिका उल्लेख गर्नुहोस् । [2+4+4=10]
5. भ्रष्टाचार निवारण ऐन, २०५९ का विशेषताहरू उल्लेख गर्नुहोस् । [10]

## खण्ड - (B) 35 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

6. राजस्व व्यवस्थापन सूचना प्रणालीका विशेषता तथा महत्व उल्लेख गर्नुहोस् । [2.5+2.5=5]
7. बजेट खाता (Budget Sheet) को परिचय दिंदै यसका खण्डहरूबारे छोटकरीमा लेख्नुहोस् । [1+4=5]
8. लेखापरीक्षण भनेको के हो? आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नुपर्ने कारणहरू उल्लेख गर्नुहोस् । [2+3=5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

9. "सार्वजनिक खरिद" भन्नाले के बुझिन्छ? सार्वजनिक निकायले खरिद कार्य गर्दा अपनाउनु पर्ने खरिद विधिहरू कुन कुन रहेका छन्? उल्लेख गर्नुहोस् । [2+8=10]
10. नेपालका सार्वजनिक निकायहरूको बेरूजु वर्षेनी वृद्धि भइरहेको छ । यसरी हरेक वर्ष बेरूजु बढ्नुका कारणहरू औंल्याउँदै बेरूजुको मात्रा कम गर्ने उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् । [5+5=10]

## खण्ड - (C) 30 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

11. म्यादको परिचय दिंदै म्याद र तारिख बीचको भिन्नता समेत औंल्याउनुहोस् । [5]
12. कस्ता कस्ता कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछ? उल्लेख गर्नुहोस् । [5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

13. सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकार बारे चर्चा गर्नुहोस् । [10]
14. प्राकृतिक व्यक्ति र कानूनी व्यक्ति बीचको भिन्नता स्पष्ट पार्दै कानूनी व्यक्तिले के कस्ता कामहरू गर्न सक्छ? उल्लेख गर्नुहोस् । [5+5=10]

⊛ समाप्त ⊛

अप्राविधिक तर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार या सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७१/०८/२४

समयः– २ घन्टा ३० मिनेट

पूर्णाङ्क :– १००

पत्र :- तृतीय

विषय :- कार्य ज्ञान सम्बन्धी ।

प्रत्येक खण्डका प्रश्नहरूको उत्तर छुट्टा छुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड – (A) 35 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

1. सार्वजनिक बडापत्र (Public Charter) भनेको के हो? यसको महत्वबारे प्रकाश पार्नुहोस् । [2+3=5]
2. 'खाद्य सम्प्रभुता' (Food Sovereignty) का सम्बन्धमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ ले गरेको परिभाषा लेख्नुहोस् । [5]
3. राष्ट्रिय परिचय-पत्र (National Identity Card) भन्नाले के बुझिन्छ? यो जारी गर्नुपर्नाको कारण स्पष्ट गर्नुहोस् । [5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

4. सार्वजनिक सेवा प्रवाह भनेको के हो? सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायक र सेवाग्राहीको भूमिका उल्लेख गर्नुहोस् । [2+4+4=10]
5. भ्रष्टाचार निवारण ऐन, २०५९ का विशेषताहरू उल्लेख गर्नुहोस् । [10]

## खण्ड – (B) 35 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

6. राजस्व व्यवस्थापन सूचना प्रणालीका विशेषता तथा महत्व उल्लेख गर्नुहोस् । [2.5+2.5=5]
7. बजेट खाता (Budget Sheet) को परिचय दिँदै यसका खण्डहरूबारे छोटकरीमा लेख्नुहोस् । [1+4=5]
8. लेखापरीक्षण भनेको के हो? आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नुपर्ने कारणहरू उल्लेख गर्नुहोस् । [2+3=5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

9. "सार्वजनिक खरिद" भन्नाले के बुझिन्छ? सार्वजनिक निकायले खरिद कार्य गर्दा अपनाउनु पर्ने खरिद विधिहरू कुन कुन रहेका छन्? उल्लेख गर्नुहोस् । [2+8=10]
10. नेपालका सार्वजनिक निकायहरूको बेरुजु वर्षेनी वृद्धि भइरहेको छ । यसरी हरेक वर्ष बेरुजु बढ्नुका कारणहरू औंल्याउँदै बेरुजुको मात्रा कम गर्ने उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् । [5+5=10]

## खण्ड – (C) 30 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

11. म्यादको परिचय दिँदै म्याद र तारिख बीचको भिन्नता समेत औंल्याउनुहोस् । [5]
12. कस्ता कस्ता कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछ? उल्लेख गर्नुहोस् । [5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

13. सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकार बारे चर्चा गर्नुहोस् । [10]
14. प्राकृतिक व्यक्ति र कानूनी व्यक्ति बीचको भिन्नता स्पष्ट पार्दै कानूनी व्यक्तिले के कस्ता कामहरू गर्न सक्छ? उल्लेख गर्नुहोस् । [5+5=10]

☺ समाप्त ☺

# लोक सेवा आयोग

राजपत्र अनंकित द्वितीय श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, खरिदार वा सो सरह पदको
प्रतियोगितात्मक लिखित परीक्षा

२०६४।३।३१

समयः– २ घण्टा ३० मिनेट | पूर्णाङ्कः– १००

पत्र :- तृतीय ।

विषय :- सामाजिक अध्ययन तथा कार्यालय संचालन ।

(Social Studies and Office Practices)

*प्रत्येक Section का प्रश्नहरूको उत्तर बेग्ला बेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## Section – A ------ 40 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।
(Write short answer of the following questions).

1. नेपाली जनजीवनमा भौगोलिक वातावरणको प्रभावका सम्वन्धमा संक्षिप्त चर्चा गर्नुहोस् । [5]
   Briefly describe the impact of geographical environment in Nepalese livelihood.
2. नेपालको राजनैतिक विभाजनको आधार र महत्ववारे संक्षिप्त रूपमा उल्लेख गर्नुहोस् । [5]
   Briefly explain the importance and basis of political division of Nepal.
3. काठमाण्डौ तराई द्रुतमार्ग (Fast track) को बारेमा संक्षिप्त जानकारी दिनुहोस् । [5]
   Briefly present an introductory remark on Kathmandu-Terai Fast Track.
4. नेपालको सन्दर्भमा सामाजिक विकृतिहरूको निराकरणका प्रमुख उपायहरू वारे लेख्नुहोस् । [5]
   *State what are the possible remedies to eliminate the major social evils in the context of Nepal.*
5. नेपालमा स्वदेश भित्रै रोजगारीको अवसर सिर्जना गरी युवाहरूको विदेश पलायन रोक्न के गर्नु पर्ला ? [5]
   What can be done to create employment opportunities in Nepal to stop youths from going abroad. Explain your views.
6. असल समाजको निर्माणमा द्वन्दको आवश्यकता पर्छ वा पर्दैन? उदाहरण सहित लेख्नुहोस् । [5]
   Is there is any necessary of conflict to build the good society or not? Justify with your answer.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।
(Write long answer of the following questions)

7. संघीय शासन व्यवस्थाका सवल र दूर्वल पक्षहरू वारे चर्चा गर्नुहोस् । [10]
   Mention the strength and weakness of federal Governance system?

## Section – B ------ 30 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।
(Write short answer of the following questions).

8. वातावरण व्यवस्थापनको लागि सरकारी, निजीक्षेत्र र सामुदायिक संगठनहरूको भूमिका उल्लेख गर्नुहोस्? [5]
   Explain the role of Government, private sector and social organizations for the environmental management?
9. मद्यपान भनेको के हो ? यसबाट समाजमा पर्ने असरहरू वारे उल्लेख गर्नुहोस् । [5]
   What is alcoholism? What are it's effects in society?

10. नेपालमा कति प्रकारका जलवायु पाइन्छन् ? उल्लेख गर्नुहोस् ।
How many types of climate are found in Nepal? Explain it.

11. नेपाल सरकारले हालै सञ्चालनमा ल्याएको राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमको आवश्यकता र महत्वको बारेमा संक्षेपमा लेख्नुहोस् ।
Briefly highlight the importance and need of the National Health Insurance Program recently introduced by the Government of Nepal.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।
(Write long answer of the following questions)

12. नेपालको जनसंख्याको वार्षिक वृद्धिदर हालैका वर्षहरूमा क्रमशः घट्दै जानको कारणहरू विश्लेषण गर्दै यसब मुलुकको आर्थिक सामाजिक क्षेत्रमा परेका सकारात्मक र नकारात्मक असरहरूको बारेमा विवेचना गर्नुहोस् । [10
Critically examine the reasons behind the gradual decline of the population growth rate in Nep in recent years. Also describe the potential positive and negative effects of such situation i Nepal's social and economic sectors.

## Section – C ------ 30 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।
(Write short answer of the following questions).

13. संगठनमा चिठीपत्रको दर्ता र चलानी किन आवश्यक हुन्छ ? खुलाउनुहोस् । [5]
Why is the registration (Darta) and processing (Chalani) of documents required in organization? Explain.

14. कार्यमुलक लेखापरीक्षण भन्नाले के बुझ्नु हुन्छ ? नेपालको सार्वजनिक निकायमा यसको प्रयोगबारे लेख्नुहोस् [5]
What do you mean by performance audit? Decribe the use of performance audit in Nepalese organization?

15. नेपालको सन्दर्भमा बजेट तर्जुमाका चरणहरू उल्लेख गर्नुहोस् । [5]
Mention the various steps of budget formulation in the context of Nepal.

16. सार्वजनिक सेवा प्रवाहमा कार्यालय व्यवस्थापन र सुचना प्रविधिको महत्वको बारेमा लेख्नुहोस् । [5]
Explain the importance of office management and information technology in public service delivery.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।
(Write long answer of the following questions)

17. निजामती कर्मचारीलाई दिन सकिने विभागीय सजायको बारेमा उल्लेख गर्दै विशेष सजाय दिनुभन्दा अघि पूरा गर्नुपर्ने कार्यविधिको बारेमा उल्लेख गर्नुहोस् । [10]
Mentioning the departmental actions liable for civil service personnel. Write about the procedures required to be completed before special departmental action against the civil service personnel.

❀ समाप्त ❀

## लोक सेवा आयोग

राजपत्र अनंकित द्वितीय श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, खरिदार वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा

समय:- २ घण्टा ३० मिनेट          2068/12/30

पूर्णाङ्क:- १००

पत्र :- तृतीय ।

विषय :- सामाजिक अध्ययन तथा कार्यालय सञ्चालन ।

**(Social Studies and Office Practices)**

| |
|---|
| प्रत्येक खण्डका प्रश्नहरूको उत्तर छुट्टा छुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |

## Section - A — 40 Marks

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**
**(Write short answer of the following questions).**

1. हावापानीको कारणले मानिसको जीवनशैलीमा पर्ने महत्वपूर्ण प्रभावहरू बारे लेख्नुहोस् ।
   Write about the major effects which may cause the lifestyle of people due to the climate? [5]
2. विकास प्रक्रियामा राजनीतिक विभाजनको महत्वबारे उल्लेख गर्नुहोस् ।
   Write the importance of political division in development process. [5]
3. नेपालको सन्दर्भमा ऊर्जाका प्रमुख स्रोतहरूको संक्षिप्त परिचय दिनुहोस् ।
   Briefly introduce the main resources of power in the reference of Nepal. [5]
4. काठमाण्डौ उपत्यकामा मनाइने इन्द्रजात्राको सामाजिक र सांस्कृतिक महत्व उल्लेख गर्नुहोस् ।
   Describe the social and cultural importance of Indrajatra festival that is mainly celebrated in the Kathmandu Valley. [5]
5. नेपालमा बोक्सी र दाइजो प्रथाबाट उत्पन्न सामाजिक विकृतिबारे लेख्नुहोस् ।
   What are the social impacts due to wizard and Dowry System in Nepal? [5]
6. नेपालमा सामाजिक द्वन्द्वको प्रमुख असरहरू के के हुन्?
   What are the main implications in Nepalese Social Conflict? [5]

**तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**
**(Write long answer of the following question)**

7. नेपालको संविधानमा बालबालिकाको हकका सम्बन्धमा भएको व्यवस्थाको चर्चा गर्दै नागरिकका कर्तव्यहरूको सूची बनाउनुहोस् ।
   Describe the constitutional provision about Child Rights and also make a list about Citizen's Obligations? 7+3 = [10]

## Section - B ------ 30 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।
(Write short answer of the following questions).

8. सरुवा रोग भनेको के हो? यसमा पर्ने पाँचवटा रोगहरूको नाम लेख्नुहोस् । [5]
What is communicable disease? Mention the name of five communicable diseases?

9. सूर्तिजन्य उद्योगहरूले आफ्नो उत्पादनको प्याकेटमा चेतावनीमूलक सन्देश राख्नुपर्ने व्यवस्थाको संक्षेपमा जानकारी गराउनुहोस् । [5]
Write briefly the provision made for tobacco companies regarding the warning statement they are required to mention in their package.

10. लागु पदार्थको दुरुपयोगबाट बच्ने उपायहरू के हुन सक्छन्? लेख्नुहोस् । [5]
What are the preventive measures can be taken to reduce drug abuse?

11. नेपालको सन्दर्भमा जनसंख्या व्यवस्थापनका प्रमुख उपायहरू बारे लेख्नुहोस्? [5]
In the context of Nepalese scenario, what are the major means to Population Management?

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।
(Write long answer of the following question)

12. नेपालमा जैविक विविधताको संरक्षणको लागि भएका प्रयासहरू र अनिवार्य गर्नुपर्ने सुधारको बारेमा लेख्नुहोस् । [10]
Write down about the protection of biodiversity in Nepal and what kinds of reforms are necessary for the betterment of biodiversity?

## Section – C ------ 30 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।
(Write short answer of the following questions).

13. नेपालको सरकारी निकायहरूले अवलम्बन गरेको लेखाप्रणाली र यसका सबल तथा दुर्बल पक्षहरू बारे लेख्नुहोस्? [5]
Write about the accounting system which is adopted in Nepalese government agencies and mention its strengths and weaknesses?

14. निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू के के हुन्? [5]
What are the code of conduct that should be followed by civil services employees?

15. व्यक्तिगत पत्र र सरकारी पत्रका भिन्नताबारे चर्चा गर्नुहोस् । [5]
Differentiate between private letters and official letters?

16. सार्वजनिक संगठनको सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन के कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ? बुँदागत उल्लेख गर्नुहोस् । [5]
Point out the ways for providing effective service delivery of public organization?

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।
(Write long answer of the following question)

17. कार्यालय सञ्चालन र व्यवस्थापनका प्रमुख आयामहरू के-के हुन्? सूचना प्रविधिमैत्री कार्यालय व्यवस्थापन कसरी गर्न सकिन्छ? [10]
What are the major dimensions of office operation and management? How to operate ICT friendly office management?

❀ समाप्त ❀

समय:– २ घण्टा ३० मिनेट                2065/3/6                पूर्णाङ्क:– ५०

पत्र :– तृतीय ।

विषय :– सामाजिक अध्ययन तथा कार्यालय संचालन ।

(Social Studies and Office Practices)

प्रत्येक खण्डका प्रश्नहरूको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section – A ------ 40 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।

(Write short answer of the following questions).

1. नक्सा भनेको के हो ? नक्साको महत्व उल्लेख गर्नुहोस् । [5]
   What is map? Discuss its importance.
2. नेपालमा पूर्वाधार विकासका समस्याहरू के के छन् ? समस्या समाधानका उपायहरू सुझाउनुहोस् । [5]
   What are the problems of infrastructure development in Nepal? Suggest the ways to solve the problems.
3. नेपालको वर्तमान राजनीतिक विभाजन र यसको महत्व छोटकरीमा उल्लेख गर्नुहोस् । [5]
   Describe the present political division of Nepal and its importance in brief.
4. सांस्कृतिक सम्पदा भनेको के हो? नेपालमा यसको महत्व उल्लेख गर्नुहोस् । [5]
   What is cultural Heritage? Mention its importance in Nepal.
5. नेपाली समाजमा देखिएका सामाजिक विकृतिहरूको निवारणका उपायहरू बारे चर्चा गर्नुहोस् ? [5]
   What might be the possible solutions to eliminate the social evils from Nepalese society?
6. नेपालको संविधानले व्यवस्था गरेका संवैधानिक अङ्गहरूको नाम उल्लेख गर्नुहोस् । [5]
   List the names of the constitutional organs provisioned in the Constitution of Nepal.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

(Write long answer of the following question.)

7. सामाजिक द्वन्द्व के हो ? नेपालमा सामाजिक द्वन्द्वका कारणहरू र असरहरूको बारेमा उल्लेख गर्नुहोस् । 2+4+4=[10]
   What is social conflicts? Mention the causes and effects of social conflicts in Nepal.

## Section – B ------ 30 Marks

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।

(Write short answer of the following questions).

8. जैविक विविधता भन्नाले के बुझ्नुहुन्छ? नेपालले जैविक विविधताबाट के के फाइदाहरू लिन सक्छ? लेख्नुहोस् । [5]
   What do you mean by bio-diversity? What benefits can be achieved from the bio-diversity in Nepal?
9. पोषणको परिभाषा दिँदै मानव शरीरमा सन्तुलित भोजनको महत्व उल्लेख गर्नुहोस् । [5]
   Define nutrition and mention the importance of balanced diet for a human body.
10. सर्ने रोग भनेको के हो? सरुवा रोग सर्ने माध्यमहरू के के हुन् ? [5]
    What is communicable disease? What are the modes of transmission of communicable disease?

11. नेपालमा उपभोक्ता स्वास्थ्य सम्बन्धी समस्याहरू के के छन् ? ती समस्याको समाधानका उपायहरू सुझाउनुहोस् । [
What are the consumer health related problems in Nepal? Suggest the measures to solve the problem.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

(Write long answer of the following question.)

12. जनसंख्या वृद्धिका मुख्य कारणहरू के के हुन् ? नेपालमा जनसंख्या वृद्धिले पारेको असर बारे व गर्नुहोस् । 5+5=[1
What are the major causes of population growth ? Explain the impacts of population growth Nepal.

## Section – C —— 30 Mar

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।

(Write short answer of the following questions).

13. पत्र व्यवहारको परिचय दिँदै चिठ्ठीपत्रको प्रमुख अंगहरू उल्लेख गर्नुहोस् । असल पत्र व्यवहारको गुण तथा विशेषताहरू लेख्नुहोस् ।
Giving introduction to correspondence, list out the major components of a letter. Also mention the characteristics of a good correspondence.

14. निजामती कर्मचारीलाई गरिने विभागीय सजायका सम्बन्धमा संक्षिप्त चर्चा गर्नुहोस् ।
Briefly discuss the departmental actions (Punishment) to the Civil Service employees.

15. तल दिइएका विषयमा छोटकरीमा लेख्नुहोस् । 2×2.5=
Write brief note on following subjects
a) गोश्वारा भौचर (Goshwara (Journal) Voucher)
b) लेखापरीक्षण (Audit)

16. प्रत्यक्ष र अप्रत्यक्ष कर बीचको भिन्नताहरू उल्लेख गर्नुहोस् ।
Write about the differences between direct and indirect tax.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

(Write long answer of the following question.)

17. निजामती सेवालाई समावेशी बनाउन कस्तो (...) पदपूर्ति सम्बन्धी [illegible] अवलम्बन गरिएको छ? [10
निजामती सेवामा पदपूर्ति सम्बन्धी व्यवस्थाका विशेषता र समस्याहरू उल्लेख गर्नुहोस् ।
What type of recruitment selection process is adopted for inclusive civil service? Write down its characteristics and what types of problems are encountered during the process?

समाप्त

समय:- ३ घण्टा ३० मिनेट पूर्णाङ्क :- १००

पत्र :- तृतीय

विषय :- कार्य ज्ञान सम्बन्धि (Job knowledge related)

**प्रत्येक खण्डका प्रश्नहरूको उत्तर बेग्ला बेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड - (A) — 35 अङ्क

1. सामाजिक सञ्जाल प्रयोग गर्दा के-कस्ता सावधानीहरू अपनाउनु पर्दछ? लेख्नुहोस् । — 5
2. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्रशासनिक कार्य सञ्चालनका आधारहरू के-के हुन् ? उल्लेख गर्नुहोस् । — 5
3. व्यक्तिगत घटना दर्ता (Vital Registration) भनेको के हो? यो किन आवश्यक हुन्छ? प्रष्ट पार्नुहोस् । — 5
4. निजामती कर्मचारीलाई हुने विभागीय सजायबारे उल्लेख गर्दै विद्यमान निजामती सेवा ऐन बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने अवस्थाहरू लेख्नुहोस् । — 5+5=10
5. नेपालमा भ्रष्टाचार बढ्नुका कारणहरू पहिल्याउँदै यसको नियन्त्रण गर्ने उपायहरू बताउनुहोस् । — 5+5=10

## खण्ड - (B) — 35 अङ्क

6. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को परिचय दिँदै यसको महत्व बारे प्रकाश पार्नुहोस् । — 5
7. कम्प्यूटराईज्ड सरकारी लेखा प्रणाली (CGAS) को परिचय दिँदै सरकारी आर्थिक कारोबारको लेखाङ्कन र प्रतिवेदनमा यसको महत्व उल्लेख गर्नुहोस् । — 5
8. बैंक नगदी किताबको परिचय दिँदै यसको महत्व स्पष्ट पार्नुहोस् । — 5
9. लेखापरीक्षणका उद्देश्यहरू उल्लेख गर्नुहोस् । नेपालमा सरकारी कार्यालयहरूको लेखापरीक्षण गर्दा महालेखा परीक्षकबाट कुन-कुन विषयको लेखापरीक्षण गरिन्छ? लेख्नुहोस् । — 4+6=10
10. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ बमोजिम आन्तरिक लेखापरीक्षण सम्बन्धि के-कस्तो व्यवस्था छ? लेख्नुहोस् । — 10

## खण्ड - (C) — 30 अङ्क

11. नेपाल राजपत्रको परिचय दिँदै नेपाल राजपत्रमा कुन-कुन विषयवस्तु कुन-कुन भागमा प्रकाशित हुन्छ? लेख्नुहोस् । — 5
12. हदम्याद भनेको के हो? यसको महत्वबारे उल्लेख गर्नुहोस् । — 5
13. अदालतको क्षेत्राधिकार भन्नाले के बुझिन्छ? उल्लेख गर्दै उच्च अदालतको क्षेत्राधिकार स्पष्ट पार्नुहोस् । — 5+5=10
14. नेपालमा मुलुकी अपराध संहिताको आवश्यकता किन परेको हो? यसका प्रमुख विशेषताहरू बारे जानकारी दिनुहोस् । — 4+6=10

Govinda Giri

● समाप्त ●

# लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:- २०८०।०८।२५

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क:- १००

पत्र: तृतीय

विषय: कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related Subject)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

## Section – A

अंक-35

1. रिसवत भनेको के हो ? भ्रष्टाचार निवारण ऐनले यसलाई कसरी परिभाषित गरेको छ ? उल्लेख गर्नुहोस्। 5
2. विद्युतीय शासन प्रणाली (E-Governance System) को अवधारणा प्रष्ट पार्दै यसका सबल पक्षहरु उल्लेख गर्नुहोस्। 5
3. संगठनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सेवा प्रवाहमा कसरी सकारात्मक प्रभाव पार्न सक्दछ ? उदाहरणसहित स्पष्ट गर्नुहोस्। 5
4. निजामती सेवा ऐन, 2049 र नियमावली, 2050 बमोजिम निजामती कर्मचारीलाई के कस्ता प्रकारका विभागीय सजाय हुने व्यवस्था छ ? कुन कुन अवस्थामा निजामती कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आधार तोकिएको छ ? प्रकाश पार्नुहोस्। 4+3+3=10
5. सार्वजनिक सेवा प्रवाह (Public Service Delivery) भनेको के हो ? नेपालको सन्दर्भमा चुस्त दुरुस्त सेवा प्रवाहका लागि के कस्ता उपायहरु अवलम्बन गर्न उपयुक्त हुन्छ ? वर्णन गर्नुहोस्। 3+7=10

## Section – B

अंक-35

6. नेपालमा सरकारी बजेट तर्जुमा कसरी गरिन्छ ? स्पष्ट पार्नुहोस्। 5
7. आन्तरिक लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरु लेख्नुहोस्। 5
8. खाता सूची (Chart of Accounts) भनेको के हो ? यसमा कुन कुन वर्गीकरण समावेश हुन्छ ? लेख्नुहोस्। 5
9. सार्वजनिक खरीद व्यवस्थापनका उद्देश्यहरु उल्लेख गर्नुहोस्। साथै, के कस्तो अवस्थामा वस्तु तथा सेवा सोझै खरिद गर्न सकिन्छ ? यस प्रकारको खरिद प्रक्रियाबारे प्रष्ट पार्नुहोस्। 4+3+3=10
10. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 बमोजिम वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस्। 10

## Section – C

अंक-30

11. मुलुकी देवानी कार्यविधि संहिता, 2074 ले के कस्ता प्रकारका मुद्दाहरूलाई "देवानी मुद्दा" का रूपमा परिभाषित गरेको छ ? उल्लेख गर्नुहोस्। 5
12. सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रका बारेमा संक्षेपमा प्रकाश पार्नुहोस्। 5
13. म्याद र तारीखबीच फरक छुट्याउँदै गुज्रेको म्याद के कसरी कति अवधिसम्म थमाउन सकिन्छ ? प्रचलित कानूनी व्यवस्थाबारे लेख्नुहोस्। 10
14. कानूनको शासन (Rule of Law) भन्नाले के बुझिन्छ ? यसका आधार वा सिद्धान्तहरु उल्लेख गर्दै सार्वजनिक प्रशासनमा कानूनको शासनको किन महत्व रहेको हुन्छ ? प्रष्ट गर्नुहोस्। 2+3+5=10

<<<< समाप्त >>>>

अप्राविधिकतर्फका नेपाल न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८१/३/१५

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क: १००

पत्र: तृतीय

बिषय: कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related)

तलका प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

## खण्ड: क — ३५ अंक

१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन बमोजिम व्यक्तिगत घटना दर्ता भन्नाले कुन कुन घटनालाई बुझाउँछ? यी घटना दर्ता गर्ने र यसको नियमन गर्ने कार्यमा संलग्न प्रमुख निकायहरू कुन कुन रहेका छन्? उल्लेख गर्नुहोस्। २+३=५

२. कस्तो अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिन्छ? उल्लेख गर्नुहोस्। ५

३. निजामती सेवालाई समावेशी बनाउन निजामती सेवा ऐन, २०४९ मा के कस्तो व्यवस्था गरिएको छ? उल्लेख गर्नुहोस्। ५

४. विद्युतीय शासन (E-governance) कस्तो शासन प्रणाली हो? यसका सकारात्मक र नकारात्मक पक्षहरू उदाहरणसहित उल्लेख गर्नुहोस्। ४+३+३=१०

५. सार्वजनिक सेवा प्रवाह (Public Service Delivery) गर्ने माध्यममाथि प्रकाश पार्दै सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा सार्वजनिक बडापत्र (Public Charter) को महत्त्व उल्लेख गर्नुहोस्। ५+५=१०

## खण्ड: ख — ३५ अंक

६. कार्यालयमा मालसामान लिलाम किन गरिन्छ? जिन्सी मालसामान लिलाम गर्दा अपनाउनुपर्ने प्रक्रिया उल्लेख गर्नुहोस्। २+३=५

७. गोश्वारा भौचरको नमूना तयार पारी प्रविष्टि (Entry) गर्ने विधि लेख्नुहोस्। २+३=५

८. खाता सूची (Chart of Accounts) भन्नाले के बुझिन्छ? यस्तो खाता सूची किन तयार गरिन्छ? प्रष्ट पार्नुहोस्। १.५+३.५=५

९. सार्वजनिक खरिद व्यवस्थापनको उद्देश्य प्रस्तुत गर्दै सार्वजनिक खरिद ऐनमा तोकिएका खरिद विधिहरू उल्लेख गर्नुहोस्। ४+६=१०

१०. लेखापरीक्षणका प्रकारहरू उल्लेख गर्दै लेखापरीक्षण ऐन, २०७५ ले विनियोजन लेखाको लेखापरीक्षण गर्दा कुन कुन बिषयको लेखापरीक्षण गर्ने व्यवस्था गरेको छ? स्पष्ट पार्नुहोस्। ४+६=१०

## खण्ड: ग — ३० अंक

११. निःशुल्क कानूनी सहायता कस्ता व्यक्तिलाई दिइने व्यवस्था रहेको छ? नेपालमा यो सेवा कुन कुन निकायबाट कसरी उपलब्ध हुन्छ? लेख्नुहोस्। २+३=५

१२. दरपीठ भन्नाले के बुझिन्छ? के कस्तो अवस्थामा दरपीठ गरिन्छ? उल्लेख गर्नुहोस्। २+३=५

१३. सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र भन्नाले के बुझिन्छ? सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रको बारेमा लेख्नुहोस्। ३+७=१०

१४. जाहेरी दरखास्तको परिचय दिँदै जाहेरी दरखास्त सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा त्यसको उपचार कसरी पाउन सकिन्छ? स्पष्ट पार्नुहोस्। ३+७=१०

«समाप्त»

# लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८२/३/२९

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: कार्य ज्ञान सम्बन्धी

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

## Section – A  35 Marks

१. निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती कर्मचारीलाई दिन सकिने विभागीय सजायको प्रकारहरू उल्लेख गर्दै भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिने अवस्थाहरू उल्लेख गर्नुहोस्। 2+3=5

२. विद्युतीय शासन (e-Governance) भनेको के हो ? विद्युतीय शासनले सार्वजनिक सेवा प्रवाहमा कसरी योगदान पुऱ्याउन सक्छ ? स्पष्ट पार्नुहोस्। 2+3=5

३. सूचनाको हक भनेको के हो ? सूचनाको हक सम्बन्धमा सार्वजनिक निकायको दायित्व उल्लेख गर्नुहोस्। 2+3=5

४. भ्रष्टाचार भन्नाले के बुझिन्छ ? भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम रिसवत लिनेदिनेलाई के कस्तो सजायको व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस्। 3+7=10

५. सार्वजनिक सेवालाई प्रभावकारी बनाउन सूचना र सञ्चार प्रविधिको के कस्तो महत्व हुन्छ ? सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित र सुरक्षित बनाउन चाल्नुपर्ने कदमहरू उल्लेख गर्नुहोस्। 5+5=10

## Section – B  35 Marks

६. सम्परीक्षण भनेको के हो ? सम्परीक्षण सम्बन्धी प्रचलित कानूनी व्यवस्था उल्लेख गर्नुहोस्। 2+3=5

७. बजेट हिसाबको परिचय गराउँदै यसमा रहने खण्डहरूको बारेमा लेख्नुहोस्। 1+4=5

८. कम्प्युटराईज्ड सरकारी लेखा प्रणाली (CGAS) को परिचय दिँदै यसका विशेषतामाथि प्रकाश पार्नुहोस्। 2+3=5

९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा व्यवस्था भए अनुसार आन्तरिक नियन्त्रण प्रणालीका बारेमा उल्लेख गर्दै लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको गठन कसरी गरिन्छ ? लेख्नुहोस्। 4+6=10

१०. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार मालसामान खरिद गर्दा के कस्तो प्रक्रिया अवलम्बन गर्नुपर्दछ ? खरिद विधिबारे जानकारी गराउँदै शिलबन्दी दरभाउ पत्र आह्वान गरी खरिद गर्ने प्रक्रिया सम्बन्धी भएको व्यवस्था उल्लेख गर्नुहोस्। 3+7=10

## Section – C  30 Marks

११. गठन आदेश भनेको के हो ? ऐन र गठन आदेशबीच के कस्ता समानता र भिन्नताहरू हुन्छन् ? उल्लेख गर्नुहोस्। 5

१२. म्याद र तारेखबीचमा के कस्तो भिन्नता हुन्छ ? सान्दर्भिक उदाहरण दिँदै स्पष्ट पार्नुहोस्। 5

१३. सर्वोच्च अदालतलाई किन अभिलेख अदालत भनिएको हो ? जानकारी गराउँदै सर्वोच्च अदालतको अधिकार क्षेत्र वर्णन गर्नुहोस्। 3+7=10

१४. अभियोगपत्रको परिचय दिनुहोस्। अदालत समक्ष पेश गर्नुपर्ने अभियोगपत्रमा समेट्नुपर्ने मुख्य मुख्य विवरणहरू के के हुन् ? खुलाउनुहोस्। 3+7=10

<<समाप्त>>